# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
SEROPHERO

अंक २६-२०८१।०८२।०५ 					२०८१ चैत्र


**Statement of patients flow for the month of Magh 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3146** | **787** | **3933** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 0 | 0 | 0 |
| CARDIOLOGY | 1775 | 444 | 2219 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 240 | 60 | 300 |
| DENTAL | 2502 | 626 | 3128 |
| DERMATOLOGY & VENEROLOGY | 3802 | 851 | 4753 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3280 | 820 | 4100 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1433 | 358 | 1791 |
| INTERNAL MEDICINE | 7119 | 1780 | 8899 |
| OBSTETRICS & GYNAECOLOGY | 4781 | 1195 | 5976 |
| OPHTHALMOLOGY | 1457 | 364 | 1821 |
| ORTHOPAEDICS | 4950 | 1238 | 6188 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3344 | 836 | 4180 |
| PSYCHIATRY | 2060 | 515 | 2575 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 902 | 226 | 1128 |
| SURGERY | 4352 | 1088 | 5440 |
| SURGICAL GASTROENTEROLOGY | 263 | 66 | 329 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 982 | 246 | 1228 |
| **Sub Total** | **43242** | **10810** | **54052** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5133 | 0 | 5133 |
| GYNAE /OBSTETRICS | 805 | 0 | 805 |
| PAEDIATRIC | 1739 | 0 | 1739 |
| **Sub Total** | **7677** | 0 | **7677** |
| **Grand Total :** | **54065** | 11597 | **65662** |
| Paying (EHS) | 3083 | | |
| Nepal Govt Social Insurance | 27011 | | |
| Other Scheme | 27054 | | |
| **Ward IPD** | **3306** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **226** | | |
| *NICU/PICU/MICU/Nursery* | **126** | | |
| *Dialysis* | **1800** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूको पदावधी पुराः वहाँको कार्यकालमा प्रतिष्ठानले प्राप्त गरेका उपलब्धीहरु बारे संक्षिप्त जानकारी



डा. ज्ञानेन्द्र गिरीज्यू यस प्रतिष्ठानमा उपकुलपतिका हैसियतले २०७६ चैत्र २७ गते नियुक्त भई ५ वर्षका लागि आउनु भएको थियो । गत २०८१ चैत्र २६ गते वहाँको पदावधी पुरा भएको छ । वहाँले उपकुलपतिको कार्यभार सम्हाल्दै गर्दा विभिन्न आरोह अवरोहहरु सामना गर्नु परेता पनि सो समयमा प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरु बारे संक्षिप्त रुपमा जानकारी दिने प्रयास गरेका छौ ।

वहाँको नियुक्ती हुनु अघि देखि नै यस प्रतिष्ठानले आर्थिक समस्या खेप्दै आइरहेको अवस्था थियो । जसको मुख्य कारणको रुपमा चिकित्सा शिक्षा आयोगको नियमावली र जस अनुसार विभिन्न विधाहरुमा पढ्ने विदेशी विद्यार्थीहरुको संख्यामा भारी कटौती नै हो । प्रतिष्ठानको मुख्य आयस्रोत भनेको नागरिकलाई उपचार दिए वापतको रकम नभइ दक्ष जनशक्ति उत्पादन गरे वापतको शुल्क हो । प्रतिष्ठानले आम नागरिकलाई दिइने उपचार सेवा वापतको शुल्क "मुनाफा लिने" उदेश्यले भन्दा पनि "सेवा" को उदेश्यले तय गर्ने गरिन्छ । आर्थिक समस्या समाधान गर्न प्रतिष्ठानले पढाउने विदेशी विद्यार्थीको संख्या चिकित्सा शिक्षा ऐनमा परिमार्जन गरी पहिला झै कायम राख्नुपर्ने देखिन्छ र सो कार्यको लागि आवश्यक पहल पनि गरिदै आइएको छ । सो कार्यले पूर्णता नलिए सम्म आर्थिक समस्या थाम्नै नसक्ने भएपश्चात् बेला बेलामा नागरिकलाई दिइने सेवा शुल्क वृद्धि गर्नु बाहेक अन्य विकल्प नदेखिएकोले बाध्यतावस शुल्क पनि बढाउनु परेको थियो ।

उपकुलपतिज्यूको नियुक्ति लगत्तै कोरोना भाइरसको माहामारीले प्रतिष्ठानको सामान्य सेवाहरु समेत कैयौ दिनसम्म बन्द गर्नुपरेकोले प्रतिष्ठान थप आर्थिक भारको मारमा परेको थियो । त्यस्तो परिस्थितीमा समेत प्रतिष्ठानका सम्पूर्ण कर्मचारी एवम् चिकित्सकहरुको मनोबल उच्च राखेर सफलता पूर्वक रेफेरल सेन्टरको रुपमा कोभिड अस्पताल सञ्चालनमा ल्याइएको थियो ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । विशेष कारणबस सेरोफेरोको गत माघ महिनाको अंक समयमा प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

तत्पश्चात् विभिन्न कारणले वहाँ निलम्बनमा पर्नुभई १३ महिनासम्म आफ्नो कार्यभारबाट वन्चित हुनुपर्ने अवस्था रही १३ महिना पश्चात् २०८० फाल्गुण १७ गते पुनः आफ्नो पदभार ग्रहण गर्नुभएको थियो ।

सो पदभार ग्रहण गर्दै गरेको समयमा पनि प्रतिष्ठान करिब करिब एक महिनादेखि आन्दोलित नै थियो । जसका कारण अझ बढी आर्थिक भार प्रतिष्ठानलाई पर्न गएको थियो । यस्तो विकट अवस्थामा पनि दोश्रो पटक पदभार ग्रहण गरे पश्चात् वहाँले पदाधिकारीज्यूहरुको साथ र सहयोगमा लामो समय देखि ठप्प भएको शिक्षक, कर्मचारीहरुको आन्तरिक बढुवा प्रकृयालाई अगाडी बढाई सो कार्य सम्पन्न भएको थियो । त्यसैगरी, विगत ८ वर्ष देखि हुन नसकेको दीक्षान्त समारोह पनि २०८१ कार्त्तिक २६ गते वहाँको नेतृत्व र पदाधिकारीज्यूहरुको सहकार्यमा प्रतिष्ठानको १३औं दीक्षान्त समारोह सम्पन्न भएको थियो ।



अस्पताल तर्फको उपलब्धीहरुको बारेमा चर्चा गर्नु पर्दा आइसियू बेडको संख्या ३२ बाट थप ४२ बेड गरी जम्मा ७४ बेड बनाइएको छ भने डायलाइसिस सेवाका लागि थप २० बेड पनि सञ्चालनमा ल्याइएको छ । वहाँको कार्यकालमा इमर्जेन्सी सेवा स्तरोन्नती गर्न थप ४० वटा जेनेरल बेड तथा ८ वटा आइसियू / एचडियू बेड स्थापना पनि गरियो भने विभिन्न पुराना थन्किएका मेशिन उपकरणहरुको मर्मत सम्भार गर्ने कार्य सँगै नयाँ नयाँ उपकरणहरुको समेत खरिद गरियो । यसै क्रममा नेपालकै दोश्रो र उपत्यका बाहिर पहिलो अत्याधुनिक प्रविधिको २५६ स्लाइसको सिटी स्क्यान मेसिन पनि खरिद गरि जडान गरियो । कोरोना कालमै बीस हजार लिटरको Liquid Oxygen Tank जडान भई हालसम्म सञ्चालनमा रहेको छ । प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरी अन्तर्गतको ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागमा लामो समय देखि X-ray Machine बिग्रिएर बन्न नसक्ने अवस्था भए पश्चात् २०८१ श्रावण २१ गते अत्याधुनिक नयाँ OPG and Lateral Cephalogram Machine जडान गरियो ।




नेपाल सरकारको स्वास्थ्य नीति अनुरुप प्रतिष्ठानले औषधी बिक्री वितरणका लागि छुट्टै भवन निर्माण पश्चात् २०८१ माघ १० गते उद्घाटन भई फार्मेसी सेवा सुचारु गरिसकिएको छ ।

प्रतिष्ठानलाई Paperless गर्ने उदेश्यले आवश्यक पहलको थालनी देखि लिएर प्रतिष्ठानलाई B.P. Koirala University of Medical and Health Sciences को रुपम स्तरोन्नती गर्ने उदेश्यले प्रकृया अघि सारिएको छ । अन्तर्राष्ट्रिय स्तरको विभिन्न उत्कृष्ट केन्द्रहरुसँग द्विपक्षीय सम्झौता गर्ने प्रकृया समेत अघि बढाइएको छ ।

उपकुलपतिज्यूले जिम्मेवारी सम्हालेको शुरुका दिनदेखि नै निर्माण कार्य स्थगन गरिएको मातृ शिशु भवनको निर्माण कार्यको पुनः थालनी भई सो कार्यले पनि तिब्रता लिएको छ ।

देशभरका स्वास्थ्य संस्थाहरुले त्यहाँ उपचार गराउन आउने बिरामीहलाई सहज तथा गुणस्तरिय सेवा प्रदान गरोस् भन्ने उदेश्यले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हरेक वर्ष देशभरिको सबै स्वास्थ्य संस्थाहरुमा गई Minimum Service Standard (MSS) मापन गर्ने गरेको छ । उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूको कार्यकालमा प्रतिष्ठानको MSS Score ५३ देखि बढेर ७५ प्रतिशत सम्म पुगेको छ । तसर्थ सेवामा पनि क्रमशः स्तरोन्नती भएको स्पष्ट देखिन्छ ।



वहाँको नेतृत्व तथा हालका पदाधिकारीज्यूहरुको साथ र सहयोगमा प्रतिष्ठान विकासको बाटोमा अगाडी बढेको देखिन्छ । प्रतिष्ठान परिवार डा. ज्ञानेन्द्र गिरीज्यूलाई सदैव याद गर्नेछ र वहाँको उत्तरोत्तर प्रगति र दिर्घायुको सदैव कामना गर्दछ ।

## प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा नियुक्ती

प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा नियुक्ती गरिएको छ । यस क्रममा प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरीको चिफमा कन्जरभेटिभ डेन्टिस्ट्री एण्ड इन्डोडोन्टिक्स विभागका प्रमुख प्रा.डा. नविन अग्रवाल तथा डेपुटी चिफमा ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागका एडिसनल प्रोफेसर डा. इच्छा कुमार महर्जन नियुक्त हुनु भएको छ ।



प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यूले प्रतिष्ठानको निर्णयानुसार वहाँहरुलाई नियुक्त गर्नु भएको हो । वहाँहरुको कार्यकाल २०८१ माघ २५ गते देखि लागु भई २ (दुई) वर्षका लागि हुनेछ । नव नियुक्त हुनु भएका कलेज अफ डेन्टल सर्जरीका चिफले अस्पताल

निर्देशक एवम् शिक्षाध्यक्ष प्रति जिम्मेवार भई कार्य गर्नु हुनेछ भने डेपुटी चिफले कलेज अफ डेन्टल सर्जरीका चिफ, अस्पताल निर्देशक एवम् शिक्षाध्यक्ष प्रति जिम्मेवार भई कार्य गर्नु हुनेछ ।

यस भन्दा अघि कलेज अफ डेन्टल सर्जरीको चिफमा पब्लिक हेल्थ डेन्टिस्ट्री विभागका प्रमुख प्रा.डा. आशिष श्रेष्ठले कार्यभार सम्हाल्नु भएको थियो भने डेपुटी चिफमा म्याक्सिलोफेसियल सर्जरी विभागका प्रा.डा. मेहुल राज जैसानी ले कार्यभार सम्हाल्नु भएको थियो ।

त्यसैगरी, प्रतिष्ठानको नियमावली २०५५ को नियम २१.२ अनुसार प्रतिष्ठानको निर्णय बमोजिम प्रतिष्ठानका रजिष्ट्रारज्यूले विभिन्न विभागहरुमा विभागीय प्रमुखको नियुक्ती गर्नुभएको छ । यसक्रममा एनाटोमी विभागमा प्रा.डा. सरुन कोइराला, कार्डियोलोजी विभागमा डा. नविन कुमार पाण्डे, ओरल एण्ड म्याक्सिलोफेसियल सर्जरी विभागमा डा. अशोक डंगोल, ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागमा डा. इच्छा कुमार महर्जन, अर्थोडोन्टिक्स विभागमा डा. राजेश ज्ञवाली, अर्थोपेडिक्स विभागमा प्रा.डा. राजु रिजाल, प्याथोलोजी विभागमा प्रा.डा. स्मृति कार्की, पेडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिस्ट्री विभागमा डा. ममता दली, पेडियोडोन्टोलोजी एण्ड ओरल इम्प्लान्टोलोजी विभागमा डा. सजिव श्रेष्ठ, फर्माकोलोजी विभागमा डा. दीपेन्द्र प्रसाद सर्राफ, फिजियोलोजी विभागमा प्रा.डा. निर्मला लिम्बु, प्रोस्थोडोन्टिक्स विभागमा डा. प्रकाश कुमार पराजुली, साइक्याट्री विभागमा प्रा.डा. धनरत्न शाक्य तथा साइक्याट्री नर्सिङ्ग विभागमा श्री निर्मला प्रधानलाई नियुक्त गरिएको छ । वहाँहरुको कार्यकाल २०८१।११।०१ गते (तद्नुसार फेब्रुअरी १३, २०२५) देखि ३ वर्षका लागी हुनेछ ।

यसभन्दा अघि एनाटोमी विभागमा प्रा.डा. शमशेर श्रेष्ठ, ओरल एण्ड म्याक्सिलोफेसियल सर्जरी विभागमा प्रा.डा. मेहुल जैसानी बोहोरा, ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागमा प्रा.डा. ज्योत्सना रिमाल, अर्थोपेडिक्स विभागमा प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठ, पेडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिस्ट्री विभागमा प्रा.डा. बन्दना कोइराला, पेडियाडोन्टोलोजी एण्ड ओरल इम्प्लान्टोलोजी विभागमा प्रा.डा. शिवलाल शर्मा खनाल, फर्माकोलोजी विभागमा प्रा.डा. गजेन्द्र प्रसाद रौनियार, फिजियोलोजी विभागमा प्रा.डा. दिलिप ठाकुर, प्रोस्थोडोन्टिक्स विभागमा प्रा.डा. प्रमिता सुवाल, तथा साइक्याट्री नर्सिङ्ग विभागमा प्रा. समि लामाले विभागीय प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो भने डा. नविन कुमार पाण्डे, डा. राजेश ज्ञवाली, प्रा.डा. स्मृति कार्की तथा प्रा.डा. धनरत्न शाक्यलाई उक्त जिम्मेवारी पुनः दिइएको हो ।

विभागीय प्रमुखको हैसियतले वहाँहरुले प्रतिष्ठानको बिकास बिस्तारमा पुऱ्याउनु भएको योगदानका लागी प्रतिष्ठानको रजिष्ट्रारका तर्फबाट धन्यवाद ज्ञापन गरिएको छ ।

## प्रतिष्ठानमा प्राज्ञिक समितिको २७औं बैठक सम्पन्न



प्रतिष्ठानको प्राज्ञिक समितिको २७औं बैठक २०८१ चैत्र ७ गते बिहिबारका दिन सम्पन्न भएको छ । प्रतिष्ठानको सिनेट हलमा सम्पन्न उक्त बैठक अघिल्लो पटक २०८० असार ११ गते सोमबारका दिन सम्पन्न भएको थियो । प्राज्ञिक समितिमा प्रतिष्ठानका उपकुलपति अध्यक्ष रहने तथा डीन, शैक्षिक; सदस्य सचिव रहने प्रावधान रहेको छ भने शिक्षाध्यक्ष, रजिष्ट्रार तथा अस्पताल निर्देशक पदेन सदस्य रहने प्रावधान रहेको छ । त्यस लगायत प्रतिष्ठानका शिक्षक चिकित्सकहरुका साथै प्रतिष्ठान बाहिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरुबाट समेत सदस्य मनोनयन गर्ने प्रावधान रहेको छ । प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरी अध्यक्ष रहनु भएको १७ सदस्यीय उक्त प्राज्ञिक समितिमा प्रतिष्ठानका तर्फबाट शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्मा, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौला, अस्पताल निर्देशक डा. जगत नारायण प्रसाद, डीन, परीक्षा; प्रा.डा. कृष्णा पोखरेल, प्रा.डा. बालकृष्ण भट्टराई, प्रा.डा. बसुधा खनाल, प्रा.डा. अचला ठाकुर, प्रा.डा. रत्ना बराल, प्रा.डा. निर्मला लिम्बू, प्रा.डा. निर्मला पोखरेल तथा डा. अशोक डङ्गोल सदस्य रहनु भएको छ भने सदस्य सचिवमा प्रा.डा. शिवेन्द्र झा रहनु भएको छ ।

प्रतिष्ठान बाहिरबाट काठमाडौं युनिभर्सिटीका प्रा.डा. राजेन्द्र कोजु तथा इन्स्टिच्यूट अफ मेडिसिन, काठमाडौंका प्रा.डा. अरुण सायमी सदस्य रहनु भएको छ भने छिमेकी देश भारतको नयाँ दिल्ली स्थित AIIMS, CAPFIMS का प्रमुख प्रा.डा. संजिव लालवाणी तथा AIIMS का प्रा.डा. ए. सरिफ सदस्य रहनु भएको छ । समितिका सदस्य बाहेक उक्त बैठकमा प्रतिष्ठानको स्कूल/कलेजका चिफहरु, सहायक डीनहरु, विभिन्न शैक्षिक संकायका Phase Coordinator हरु तथा विद्यार्थी कल्याण समाजका अध्यक्ष गरी १४ जनालाई आमन्त्रीत सदस्यको रुपमा बैठकमा आमन्त्रण गरिएको थियो ।

बैठकको प्रारम्भमा समितिमा नयाँ सदस्यहरु समेतको मनोनयन भएका कारण परिचयात्मक कार्यक्रम गरिएको थियो । तत्पश्चात् बैठकका अध्यक्ष तथा उपकुलपति डा. गिरीज्यूले स्वागत मन्तव्य दिनु भएको थियो । मन्तव्यको क्रममा उपस्थित सम्पूर्णलाई सम्बोधन गर्दै वहाँहरुको विद्वत विचार मन्थनले प्रतिष्ठानको शैक्षिक गतिविधीको गुणस्तर वृद्धि हुने विश्वास रहेको बताउनु भयो । मेडिकल शिक्षा गतिशिल शिक्षा भएको र यसको लगातार रुपमा स्तरवृद्धि भइरहनु पर्ने भएको हुँदा सो का लागि यस प्रकारको प्राज्ञिक समिति बैठकको महत्वपूर्ण भूमिका रहने गरेको बारे पनि उपकुलपतिज्यूले प्रकाश पार्नु भयो ।

मन्तव्यको क्रममा प्रतिष्ठानका शिक्षाध्यक्षज्यूले प्रतिष्ठानले विगत केहि वर्षहरुमा हासिल गरेका शैक्षिक

उपलब्धीहरुका बारेमा जानकारी गराउनु भयो । त्यसका साथै वहाँले उक्त बैठकमा छलफल हुने र अनुमोदन हुने विषयहरु माथि आफ्ना राय सुझावहरु राख्नु भई प्रकाश पार्नुभयो । त्यसैगरी, उपकुलपतिज्यूको आज्ञाले डीन प्रा.डा. शिवेन्द्र झाले अघिल्लो प्राज्ञिक समितिको बैठक देखि हालसम्म भएका शैक्षिक गतिविधिहरुका बारेमा जानकारी गराउँदै बैठकको प्रकृयालाई अगाडी बढाउनु भएको थियो । बैठकमा राखिएको ११ वटा Agenda हरु सर्वसम्मतीबाट पारित भएको थियो भने अनुमोदनका लागि राखिएको Agenda हरु समेत सर्वसम्मतीबाट स्वीकृत भएको थियो ।



बैठकको अन्त्यमा उपकुलपतिज्यूले समापन मन्तव्य दिँदै आफ्नो अमुल्य समय निकालेर बैठकमा उपस्थित हुनुभएकोमा सम्पूर्णलाई आभार प्रकट गर्नुभयो भने डीन प्रा.डा. झाले बैठकमा उपस्थित सम्पूर्णमा सदस्य एवम् बैठक आयोजना गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने शिक्षक, कर्मचारी तथा सम्बन्धित सबैलाई धन्यवाद मन्तव्य दिनुभएको थियो । तत्पश्चात् उपकुलपतिज्यूले औपचारिक रुपमा बैठक समापन भएको घोषणा गर्नु भएको थियो ।

## प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागमा मधुमेह का विरामीका लागि नयाँ उपचार पद्दती समावेश

प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागले प्रतिष्ठानमा आउने मधुमेहका विरामीहरुलाई उपचार गर्न सहज होस् भनि Continue Glucose Monitoring (CGM) सेवाको थालनी गरेको छ । CGM एउटा घडीरुपी सानो उपकरण विरामीको छालामा स्पर्श हुनेगरी पहिऱ्याई विरामीको रगतमा हुने चिनिको मात्रालाई लगातार रुपमा मापन गर्ने प्रविधि हो । यसको प्रयोगले विरामीलाई चिनिको जाँच गर्न बारम्बार घोचेर रगत निकाली रहनु पर्ने झंझटबाट मुक्त भइन्छ । उक्त उपकरण लगाई रहेको समयमा लगातार रुपमा त्यस्ले देखाउने चिनिको रिपोर्टले विरामीको अवस्था, विरामीले खानेकुराहरु खाँदा, कसरत गर्दा, ध्यान आदि गर्दा शरिरले देखाउने गरेको प्रतिक्रिया तथा शरिरमा चिनिको मात्रामा हुने उतार चढावको बारेमा जानकारी दिने हुँदा चिकित्सकलाई उपचार गर्न सहज हुने मात्र नभई विरामी आफैलाई पनि चिनि नियन्त्रणमा सहयोगी हुने देखिन्छ । शरिरको चिनिको मात्रा एक्कासी अत्याधिक बढी वा घटी हुनगए उक्त उपकरणले विरामीलाई तुरुन्त Alert गर्ने हुँदा विरामी समयमै सजग भई सो बाट उत्पन्न हुन सक्ने घातक समस्याहरु बाट बचाउँछ । इन्सुलिन लिने विरामीहरुलाई इन्सुलिनको मात्रा, खानेकुराको मात्रा शारिरीक गतिविधिहरुको बारेमा सजग बनाइराख्न पनि यस उपकरणले मद्दत गर्दछ । यस प्रकारको नविन प्रविधिहरुले चिकित्सक तथा विरामी दुवैलाई सहज हुने बारे इन्डोकाइनोलोजिष्ट तथा विभागका प्रमुख प्रा.डा. रोबिन मास्केले सेरोफेरोलाई बताउनु भयो ।

## प्रतिष्ठानमा ६३औं राष्ट्रिय नर्सिङ्ग दिवस मनाइयो



प्रतिष्ठानको कलेज अफ नर्सिङ्ग तथा नेपाल नर्सिङ्ग संघ, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान एकाई, धरानको संयुक्त तत्वावधानमा ६३औं राष्ट्रिय नर्सिङ्ग दिवस विविध कार्यक्रमहरुको आयोजना गरी मनाइएको छ । नेपालमा हरेक बर्ष माघ १५ गते मनाइने राष्ट्रिय नर्सिङ्ग दिवसमा नेपाल नर्सिङ्ग संघ, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान एकाई, धरानले प्रत्येक वर्ष विविध कार्यक्रमको आयोजना गर्दै मनाउने गरेको छ ।



उक्त अवसरमा २०८१ माघ १४ गते प्रतिष्ठानको एच.पी.ई. हलमा प्रतिष्ठानमा कार्यरत सिनियर नर्सिङ्ग अफिसर र नर्सिङ्ग अफिसरहरुलाई सहभागी गराई **“Strengthening Leadership & Management Skills of Clinical Nurse Manager”** शिर्षकमा एक दिने कार्याशाला गोष्ठीको आयोजना गरिएको थियो । प्रतिष्ठानका रजिस्ट्रार प्रा.डा. सुर्य प्रसाद संग्रौलाज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीको अध्यक्षता प्रतिष्ठानकी मेट्रोन तथा नेपाल नर्सिङ्ग संघ वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान एकाई, धरानकी अध्यक्ष श्री कला थापाले गर्नु भएको थियो भने डेपुटी अस्पताल निर्देशक डा. इन्द्र लिम्बू तथा कलेज अफ नर्सिङ्गका चिफ प्रा. रमानन्द चौधरी अतिथिका रुपमा सहभागी हुनुहुन्थ्यो ।

रजिष्ट्रारज्यूले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको उक्त गोष्ठीको मुख्य उदेश्य नर्सिङ्ग म्यानेजरहरुको नेतृत्व क्षमता र क्लिनिकल व्यवस्थापन सीपलाई अझ बृद्धि गर्नु र अद्यावधिक गराउनु थियो जसका कारण प्रतिष्ठानको नर्सिङ्ग सेवा व्यवस्थापन अझ बढी कुशल र गुणस्तरिय बनाउन टेवा पुग्ने विश्वास लिइएको थियो । प्रतिष्ठानमा कार्यरत ५१ जना नर्स म्यानेजरहरुलाई सहभागी गराइएको उक्त गोष्ठीमा प्रतिष्ठानको कलेज अफ नर्सिङ्गबाट प्रा. पुष्पा पराजुली, प्रा. समी लामा, प्रा. गयानन्द मण्डल तथा प्रा. उपेन्द्र यादवले सहजीकरण गर्नुभएको थियो भने

कार्याशाला गोष्ठीको सञ्चालन प्रतिष्ठानकी सिनियर स्टाफ नर्स तथा नर्सिङ्ग संघकी सदस्य श्री सकुन रसाईलीले गर्नु भएको थियो ।

त्यसैगरी, २०८१ माघ १५ गते प्रतिष्ठानको उपकुलपति कार्यालयको प्राङ्गणमा नेपालकी प्रथम नर्स स्व. लामु अमात्यज्यूको तस्विरमा अबिर तथा माल्यार्पण कार्यक्रमको आयोजना गरिएको थियो । सो अवसरमा मेट्रोन तथा अध्यक्ष श्री थापाले उपस्थित सम्पूर्णलाई शुभकामना मन्तव्य दिनु भएको थियो । उक्त कार्यक्रममा प्रतिष्ठानमा कार्यरत ६ सय ८० भन्दा बढी नर्सहरुको उपस्थिति रहेको थियो । सोही दिन शान्तिपूर्ण ऱ्यालीको समेत आयोजना गरिएको थियो ।




"आजको आवश्यकता नर्सलाई सुरक्षित र सम्मानजनक कार्य व्यवस्था" भन्ने मूल नाराका साथ ब्यानर, प्ले कार्ड सहित ६ सय भन्दा वढि नर्सहरुको सहभागितामा रहेको उक्त ऱ्याली प्रतिष्ठानको जेनेरल ओ.पी.डी.बाट सुरु भई धरानको भानुचौक हुदै उपकुलपतिज्यू कार्यालयको प्राङ्गढमा आइ विसर्जन भए सँगै ६३औं राष्ट्रिय नर्सिङ्ग दिवसलाई समापन गरिएको थियो ।

नर्सहरुको कार्यक्षेत्रमा सुरक्षाको प्रत्याभुति दिन, नर्सिङ्ग पेशालाई मर्यादित र सुरक्षित बनाउन, श्रम अनुसारको उचित पारिश्रमिक दिन, नर्सिङ्ग कर्मचारीको शैक्षिक तथा आर्थिक वृत्तिविकासको लागि सरकार र सम्वन्धित निकायले बेलैमा आवश्यक पहल गर्न आवश्यक रहेको मेट्रोन तथा अध्यक्ष थापाले सेरोफेरोलाई बताउनु भयो । वहाँले कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने प्रतिष्ठानका पदाधिकारीज्यूहरु, शिक्षकज्यूहरु, संघको निवर्तमान अध्यक्षज्यू, संघको केन्द्रिय समिति, संघको कार्यकारिणी पदाधिकारी तथा सदस्यज्यूहरु र संघमा आवद्ध सबै सदस्यज्यूहरु सहित सम्बन्धित सबैमा आगामी दिनमा पनि सहयोगको अपेक्षा सहित धन्यवाद ज्ञापन गर्नुभयो ।

## प्रतिष्ठानमा अन्तर्राष्ट्रिय स्तरको दुई दिने कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न



प्रतिष्ठानको आयोजना तथा सर्जरी विभाग अन्तर्गतको यूरोलोजी डिभिजनको तत्वावधानमा २०८१ चैत्र १४ र १५ गते "Supine PCNL and Laparoscopic Surgery" शिर्षकमा अन्तर्राष्ट्रिय स्तरको दुई दिने Live Operative कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ । सर्जरी विभाग अन्तर्गतको यूरोलोजी डिभिजनका इन्चार्ज डा. रिकेश जङ्ग कार्की आयोजक अध्यक्ष तथा डा. आवाज काफ्ले आयोजक सचिव रहनु भएको उक्त गोष्ठीको प्रमुख अतिथिमा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्मा रहनु भएको थियो भने अतिथिमा डीन, शैक्षिक प्रा.डा. शिवेन्द्र झा रहनु भएको थियो । दुई दिनसम्म चलेको उक्त कार्यशाला गोष्ठीमा नेपाल तथा भारतबाट बिशिष्ट यूरोसर्जनहरुको उपस्थिति थियो । गोष्ठीमा भारतको देहरादुनबाट बिख्यात यूरोसर्जन प्रा.डा. बिमल कुमार दीक्षित तथा मूल्जीभाई पटेल, यूरोलोजीकल अस्पताल, गुजरातका डा. पवन प्रभाकर सुरवासे र डा. निशान्थ शिभान्नाको उपस्थिति थियो । त्यसैगरी नेपाल तर्फ काठमाडौंबाट टिचिङ्ग अस्पतालको यूरोलोजी विभागका प्रमुख तथा एसोसिएट प्रोफेसर डा. पवन राज चालिसे तथा डा. मनिषमान प्रधान, निजामति अस्पतालका डा. बिपेन्द्र ध्वज राई, काठमाडौं मेडिकल कलेजका डा. प्रज्ज्वल पौड्याल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरको यूरोलोजी विभागका प्रमुख प्रा.डा. पुकार मास्केको सहभागिता रहेको थियो भने विराटनगरबाट विराट मेडिकल कलेजका प्रा.डा. दिपक ठाकुर, नोबेल मेडिकल कलेजका डा. रामसागर शाह, कोशी अस्पतालका डा. सुनिल रेग्मी तथा डा. पुरुषोत्तम पराजुलीको सहभागिता रहेको थियो । प्रतिष्ठानको तर्फबाट यूरोलोजी टीमका डा. रिकेश जङ्ग कार्की, डा. आवाज काफ्ले, डा. शैलेश महर्जन, डा. समीर चौधरी र डा. त्रिनेत्र कर्णको सहभागिता रहेको थियो ।

कार्यशालाको उद्‌घाटन अडिटोरियममा पानसमा बत्ती बालेर शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूले गर्नु भएको थियो । वहाँले उद्‌घाटनको क्रममा बोल्दै यस प्रकारका कार्यशालाहरुले सहभागीहरु बीच बहुमूल्य छलफल, ज्ञान आदान प्रदान गर्न र सीपको बृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भयो । त्यस्तै अध्यक्ष डा. कार्कीले यस्ता कार्यशाला तथा गोष्ठीहरुले बिरामीहरुको सेवा तथा विद्यार्थीहरुको अध्यापनमा पनि निकै सहयोग हुने कुरामा जोड दिनु भयो ।



दुई चरणमा बिभाजन गरिएको उक्त कार्यशालाको पहिलो चरणमा विशिष्ट चिकित्सकहरुबाट Supine PCNL र Laparoscopic सर्जरीका बारेमा बृहत छलफल गरिएको थियो भने दोस्रो चरणमा प्रतिष्ठानको मोडुलर अपरेशन थिएटर र यूरो अपरेशन थिएटरमा शल्यक्रियाहरु गरिएको थियो । कार्यशाला अवधिभर सम्पन्न भएका शल्यक्रियाहरु अप्रेशन थिएटरबाट प्रतिष्ठानको अडिटोरियम हलमा प्रत्यक्ष प्रशारण गरिएको थियो भने अडिटोरियम हलबाट

नै दर्शकहरुले अप्रेशन थिएटरमा प्रत्यक्ष संवाद तथा प्रश्नोत्तर गर्न सकिने व्यवस्था मिलाईएको थियो । उक्त कार्यक्रमलाई ईन्टरनेट मार्फत विश्वभर प्रशारण पनि गरिएको थियो ।

कार्यशाला अवधिभर कुल ११ जना मृगौलामा पत्थरी भएका बिरामीहरुले Supine PCNL र ९ जना बिरामीहरुले Laparoscopic Surgery को सुबिधा पाएका थिए । उनीहरुको अत्याधुनिक पद्धतिबाट सफतापूर्वक शल्यक्रिया भएको थियो ।

कार्यक्रमको अन्त्यमा सर्जरी विभागका प्रमुख प्रा.डा. सुरेश प्रसाद साहले उक्त कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिका खेल्ने प्रतिष्ठानका पदाधिकारीज्यूहरु, एनेस्थेसियोलोजिष्टहरु, ओ.टी. टेक्निसियनहरु, नर्सहरु, आवसीय चिकित्सकहरु, बायोमेडिकल टिम, कम्प्यूटर शाखा परिवारका साथै सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## प्रतिष्ठानमा ICD - 11 Coding सम्बन्धी दश दिने तालिम सम्पन्न



प्रतिष्ठानको आयोजना तथा मेडिकल रेकर्ड शाखाको तत्वावधानमा प्रतिष्ठानमा International Classification of Diseases (ICD) - 11 Coding सम्बन्धी In Service तालिम कार्यक्रम सम्पन्न भएको छ । मेडिकल रेकर्ड शाखाको जनशक्ती व्यवस्थापनको उदेश्य राखी दिइएको उक्त तालिममा प्रतिष्ठानका ८ जना कर्मचारीहरुले तालिम प्राप्त गरेका थिए । प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू तथा अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूको मार्ग निर्देशनमा ICD - 11 Coding को राष्ट्रिय प्रशिक्षक समेत रहनु भएका मेडिकल रेकर्ड शाखाका प्रमुख, सुपरभाइजर श्री सुनिल पराजुलीले दिनु भएको उक्त तालिम कार्यक्रममा श्री सरोज आचार्य, श्री पुष्कर भण्डारी, श्री सत्य नारायण चौधरी, श्री विष्णु प्रसाद पराजुली, श्री बद्रि नारायण पण्डित, श्री अनिल कुमार पाण्डे, श्री मनुसिल राई तथा श्री बन्दना न्यौपाने प्रशिक्षार्थीका रुपमा सहभागी हुनुहुन्थ्यो ।

मेडिकल रेकर्ड शाखाको कार्यालयमा २०८१ फाल्गुण १८ देखि २९ गतेसम्म चलेको उक्त तालिम कार्यक्रमको पहिलो दिन कर्मचारी प्रशासन शाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री विष्णु प्रसाद चापागाँई, अस्पताल प्रशासन महाशाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री अशोक कुमार शाह, डेपुटी मेट्रोन श्री विष्णुमाया तामाङ्ग अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो भने मेडिकल रेकर्ड शाखाका सम्पूर्ण कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

कुनै पनि स्वास्थ्य संस्थाहरु तथा सेवा केन्द्रहरुमा उपचारका लागि आउने विरामीहरुमा लागेको रोगको प्रकृती वा प्रकार अनुसार त्यसलाई स्वास्थ्यकर्मीहरुले बुझ्ने भाषामा Coding गरेर बैज्ञानिक विधि अनुसार राख्नु नै ICD Coding हो । यसले स्वास्थ्य संस्थाको उपचारको स्थितिको जानकारी गराउन मद्दत गर्दछ भने त्यहाँ हुने गरेको मृत्युको कारणहरु रेकर्ड गर्ने विश्वव्यापी मानकको रुपमा काम गर्दछ । विश्व स्वास्थ्य संगठन द्वारा यो विधिलाई वार्षिक रुपमा विकसित र अद्यावधिक गर्ने गरिएको छ । जस अनुरुप यस भन्दा पहिलेको ICD – 10 Coding लाई विस्थापित गरी रोगहरुको अन्तर्राष्ट्रिय वर्गिकरणको संशोधन र विकास गर्दै हाल ICD - 11 Coding लाई प्रचलनमा ल्याइएको छ ।

उक्त तालिमको अन्तिम दिनको समापन कार्यक्रममा मेट्रोन श्री कला थापा, कर्मचारी प्रशासन शाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री विष्णु प्रसाद चापागाँई, अस्पताल प्रशासन महाशाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री अशोक कुमार शाह अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो भने मेडिकल रेकर्ड शाखाका सम्पूर्ण कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो । अन्त्यमा, तालिमप्राप्त सम्पूर्ण कर्मचारीहरुलाई प्रमाणपत्र उपलब्ध गराइएको थियो ।

## प्रतिष्ठानका विद्यार्थीहरु देशका विभिन्न स्थानमा पुरस्कृत



प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरु बेला बेलामा देशका विभिन्न स्थानमा भएको विभिन्न प्रतियोगिताहरुमा सहभागि भई पुरस्कृत हुनेगरेका छन् । यसै क्रममा २०८१ माघ २६ गते चितवनको भरतपुरमा अवस्थित चितवन मेडिकल कलेजमा आयोजना भएको राष्ट्रिय स्तरको Pathology Quiz 2081 प्रतियोगितामा प्रतिष्ठानका विद्यार्थीहरु तृतिय स्थान हासिल गर्न सफल भएका छन् । उक्त प्रतियोगितामा नेपाल भरिका १३ वटा मेडिकल कलेजका ३९ वटा टिमले प्रतिस्प्रर्धा गरेको थियो । उक्त प्रतियोगितामा सहभागि हुन प्रतिष्ठानको प्याथोलोजी विभागको सहकार्यमा विद्यार्थी कल्याण समाजले यहाँ अध्ययनरत विद्यार्थीहरु बीच आन्तरिक प्रतिस्प्रर्धा कार्यक्रमको आयोजना गरेको थियो । सो प्रतिष्प्रर्धा कार्यक्रममा उत्कृष्ट ठहरिएको टिमलाई छनौट गरी Pathology Quiz 2081 प्रतियोगिताका लागि चितवन पठाइएको थियो । प्रतिष्ठानको प्रतिनिधि टिमले उत्कृष्ट प्रदर्शन गर्दै उक्त प्रतियोगितामा तृतिय स्थान हासिल गर्दै पुरस्कृत भएको थियो । पुरस्कृत हुने सो टिममा एमबीबीएस २०१८ ब्याचका इन्टर्नहरु डा. रमेश सापकोटा, डा. दिवाकर कोइराला तथा डा. विवेक मिश्र हुनुहुन्थ्यो ।



त्यसैगरी, प्रतिष्ठानमा अध्ययनरत अर्की एक विद्यार्थी जनकपुरधाममा पुरस्कृत भएकी छन् । विनयतारा फाउण्डेसन क्यान्सर सेन्टरले जनकपुरधाम स्थित मिथिला यात्री निवासमा आयोजना गरेको ७औं अन्तर्राष्ट्रिय क्यान्सर कांग्रेस (7th Internal Cancer Congress – 2025) मा प्रतिष्ठानको एमबीबीएस दोश्रो वर्षमा अध्ययनरत विद्यार्थी श्री ईशा दाहालले श्रेष्ठ पोष्टर प्रस्तुति पुरुस्कार (Best Poster Presentation Award) हासिल गर्दै प्रथम पुरस्कारबाट सम्मानित भएकी छन् । गत २०८१ चैत्र ८ र ९ गते सम्पन्न भएको उक्त सम्मेलनमा पोष्टर तर्फको प्रतियोगितामा देशभरिका विभिन्न मेडिकल कलेजका १३ जना एब्स्ट्राक्ट प्रस्तोता सहभागी थिए जसमध्ये केहि प्रतियोगीले ओरल प्रस्तुती समेत दिएका थिए । प्रतिष्ठानको नाम राख्न सफल यी विद्यार्थीहरुलाई प्रतिष्ठान परिवार हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. सुदिप श्रेष्ठ**

**(जन्मः २०३६/११/२६ - मृत्युः २०८१/११/२९)**

कोशी अञ्चल, सुनसरी जिल्ला, धरान, वडा नं. १८ मा जन्म भई प्रतिष्ठानमा स्थायी सेवा अन्तर्गत टेलिफोन अपरेटर - ३ पदमा कार्यरत श्री सुदिप श्रेष्ठको मिति २०८१ फाल्गुण २९ गते बिहिबारको दिन असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखको घडीमा शोक संतप्त परिवारलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामनाका साथ प्रतिष्ठान परिवार हार्दिक समवेदना प्रकट गर्दछ ।

**जानकारी**

विषेश कारणवश ओपीडी, वार्ड, डेङ्गु उपचार आदि लगायतको गत फाल्गुण महिनाको तथ्यांकहरु यस अंकमा प्रकाशन गर्न नसकिएको ब्यहोरा अनुरोध गर्दै आगामी अंकमा उक्त तथ्यांकहरु प्रकाशन गर्नेछौ भनि समेत अनुरोध गर्दछौ ।

- **सूचना तथा सञ्चार केन्द**

## अनिवार्य अवकाश प्राप्त शिक्षक/कर्मचारी



### प्रा. मंगला श्रेष्ठः संक्षिप्त चिनारी

बि.सं. २०१६ भाद्र ७ गते जन्मनु भएकी प्रा. मंगला श्रेष्ठ प्रतिष्ठानमा बि.सं. २०५१ जेष्ठ १३ गते नर्सिङ्ग अफिसर पदमा स्थाई सेवा अन्तर्गत नियुक्त भई सेवा प्रवेश गर्नु भएको हो । प्रतिष्ठानमा आफ्नो ३० वर्ष २ महिना २५ दिनको कार्यकाल पुरा गर्दै गर्दा वहाँले मेटर्नल हेल्थ नर्सिङ्ग बिभागको प्राध्यापक तथा बिभागीय प्रमुखसम्मको कार्यभार सम्हाल्नु भयो भने प्रतिष्ठानको चिफ, कलेज अफ नर्सिङ्गको हैसियतले समेत सफलतापूर्वक जिम्मेवारी सम्हाल्नु भयो । २०८१ भाद ६ गते अनिवार्य अवकाश प्राप्त गर्नु भएकी नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने, मिलनसार र सहयोगी प्रवृत्तीकी प्रा. श्रेष्ठलाई प्रतिष्ठान परिवार सदैव याद गर्दै वहाँको अवकाशप्राप्त जिवन सुखमय तथा आरामदायी रहोस् भनि कामना गर्दछ ।

### Dengue treatment report from BPKIHS

**for the month Magh, 2081**

| | |
|---|---|
| Total test: | 309 |
| NS1 Positive: | 0 |
| IgM Positive: | 10 |
| IgG Positive: | 44 |
| Hospital Admission: | 0 |
| Hospital Death: | 0 |

***Dengue update of Dharan sub-metropolitan city***

| | |
|---|---|
| *Total test:* | *115* |
| *NS1 Positive:* | *0* |
| *IgM Positive:* | *5* |
| *IgG Positive:* | *24* |

*Ward of Dharan with the highest no. of case: Ward No. - 8 (13 cases)*

***Source: Hospital Administration***

***Prepared by Information & Communication Center***

## ALUMNI OF BPKIHS

### प्रा.डा. शैलेन्द्र श्रेष्ठः एक परिचय



प्रा.डा. शैलेन्द्र श्रेष्ठ प्रतिष्ठानको एमबिबिएस सन् १९९४ ब्याचका विद्यार्थी हुनुहुन्छ । एमबिबिएस अध्ययन पश्चात् वहाँले हाउस अफिसरको हैसियतले प्रतिष्ठानमा ६ महिना; TUTH, IOM मा १ वर्ष र Kathmandu Medical College मा १ वर्ष सेवा दिनु भयो । तत्पश्चात् वहाँले प्रतिष्ठानबाट सन् २००६ मा इन्टर्नल मेडिसिन विषयमा एम्डी गरी वहाँले प्रतिष्ठानमा नै सन् २००६ देखि २००८ सम्म सिनियर रेसिडेन्टको र सन् २००८ देखि २०१० सम्म एसिस्टेन्ट प्रोफेसरका हैसियतले सेवा दिनुभयो । प्रतिष्ठानमै बसाईको क्रममा वहाँले आफ्नो जिवन साथी प्राप्ती र सन्तान प्राप्ती समेत गर्नुभयो । तत्पश्चात् वहाँले आफ्नो अध्ययनलाई अघि बढाउँदै TUTH, IOM, काठमाडौंबाट सन् २०१३ मा नेफ्रोलोजी विषयमा डीएम गर्नुभयो ।

आफ्नो डीएम् अध्ययन पश्चात् प्रा.डा. श्रेष्ठले People's Dental College and Hospital, काठमाडौंमा सन् २०१३ देखि २०१४ सम्म एसोसिएट प्रोफेसरका हैसियतले कार्य गर्नुभयो। कार्य गर्ने सिलसिलामा वहाँले सन् २०१६ देखि २०२१ सम्म विराटनगर स्थित Nobel Medical College and Teaching Hospital मा एसोसिएट प्रोफेसर हुँदै प्रोफेसरका हैसियतले कार्य गर्नुभयो । हाल वहाँ ललितपुर स्थित B and B Hospital मा Senior Consultant Nephrologist and Renal Transplant Physician को हैसियतले कार्यरत हुनुहुन्छ । वहाँले APSN Fellowship अन्तर्गत United Ciigma Hospital, भारतमा ISN Fellowship अन्तर्गत Monash Medical Center, अष्ट्रेलियामा तथा ISPD Scholarship अन्तर्गत Tung Wah Hospital, हङ्कङ्गमा मृगौला रोगको उपचार तथा प्रत्यारोपण सम्बन्धी तालिमहरु प्राप्त गर्नु भएको छ ।

वहाँ Society of Internal Medicine of Nepal तथा Asian Pacific Society of Nephrology को आजिवन सदस्य, Nepal Society of Nephrology तथा Nepal Transplantation Society को कार्यकारी सदस्य तथा International Society of Nephrology को सदस्य समेत हुनुहुन्छ ।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी प्रा.डा. श्रेष्ठले यसरी राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याति फैलाउन सहयोग पुर्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्ज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## प्रतिष्ठानका शिक्षक / कर्मचारी / विद्यार्थीहरुले प्रकाशित गरेका शोधपत्र/शोधकार्यहरु बारे स्तम्भ प्रकाशन शुरु तथा पुनः अनुरोध

प्रतिष्ठानको मुखपत्रको रुपमा प्रकाशित हुँदै आएको सेरोफेरो बुलेटिनमा यसभन्दा अघिल्लो अंकदेखि नै प्रतिष्ठानका शिक्षक / कर्मचारी / विद्यार्थीहरुले प्रकाशित गरेका विशिष्ट शोधपत्र/शोधकार्यहरुको बारेमा जानकारी दिने र स्वास्थ्य अनुसन्धानको क्षेत्रमा सम्बन्धित सबैलाई अभिप्रेरित गर्ने उदेश्यले यो स्तम्भ शुरु गरिएको सम्बन्धमा हजुरहरुलाई अवगत नै छ। सोही क्रममा २०८१ श्रावण महिना यता प्रकाशित शोधपत्रहरुलाई सूचना तथा सञ्चार केन्द्रमा उपलब्ध गराई दिन अनुरोध गरिएता पनि नयाँ सोधपत्रहरु उपलब्ध नगराइएको जानकारी गराइन्छ । तसर्थ पुनः सम्पूर्ण महानुभावहरुलाई Indexed Journal मा प्रकाशित भएको आफ्नो शोधपत्रको Abstract लाई यस केन्द्रको ईमेलः info.bpkihs@bpkihs.edu मा पठाइ दिनुहुन पुनः सविनम्र अनुरोध गर्दछौ ।

| SN | Title of Research | Uni/Multi Centred | Author/s involved | Involved Department of BPKIHS | Journal Name | Date of Publication |
|---|---|---|---|---|---|---|
| | Global effect of Cardiovascular risk factors on life time estimates. | Multi | Prof. Dr. Sanjib Kumar Sharma | Internal Medicine | New England Journal of Medicine | 30th March, 2025 |
| 1 | Can cutaneous leishmaniasis provoke a resurgence of kala-azar in the Indian subcontinent? | Multi | Prof.Dr. Narayan Raj Bhattarai/Dr. Keshav Rai/Dr. Surendra Uranw/Prof.Dr. Basudha Khanal | Microbiology/Internal Medicine | BMC Infectious Diseases | 26th February, 2025 |
| 2 | Surviving a rare wild water buffalo (arna) attack – a case report on abdominal evisceration and surgical triumph. | Uni | Mr. Suraj KC/Dr. Bhawani Khanal/Mr. Raju Shah/ Mr. Raki Injamamul Haque/Dr.Vijay Pratap Sah/Dr. Abhijeet Kumar/Prof.Dr. Rakesh Kumar Gupta | Surgery | International Journal of Surgery: Global Health | 24th March, 2025 |

### OPD Schedule of College of Dental Surgery

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Oral Medicine & Radiology** | Dr. Iccha Kr. Maharjan | Dr. Iccha Kr. Maharjan | Dr. Iccha Kr. Maharjan | Dr. Abhinaya Luitel | Dr. Abhinaya Luitel | Dr. Abhinaya Luitel |
| **Oral & Maxillofacial Surgery** | **TEAM-B** Dr. Pradeep Acharya Dr. Anjani Kr. Yadav | **TEAM-A** Dr. Mehul Jaisani Dr. Ashok Dongol | One Team In OPD One Team in OT Alternatively | **TEAM-B** Dr. Pradeep Acharya Dr. Anjani Kr. Yadav | **TEAM-A** Dr. Mehul Jaisani Dr. Ashok Dongol | One Team In OPD One Team in OT Alternatively |
| **Prosthodontics** | Dr. Pramita Suwal Dr. Bishal Babu Basnet | Dr. Prakash Kr. Parajuli Dr. Arati Sharma | Dr. Indra Kr. Limbu Dr. Arati Sharma | Dr. Prakash Kr. Parajuli Dr. Meena Kri. Mishra | Dr. Pramita Suwal Dr. Meena Kri. Mishra | Dr. Indra Kr. Limbu Dr. Bishal Babu Basnet |
| **Pedodontics & Preventive Dentistry** | Dr. Bandana Koirala Dr. Gajendra Birajee Dr. Mahalaxmi Shah K. | Dr. Mamta Dali Dr. Sneha Shrestha | Dr. Bandana Koirala Dr. Gajendra Birajee Dr. Mahalaxmi Shah K. | Dr. Mamta Dali Dr. Sneha Shrestha | Dr. Bandana Koirala Dr. Gajendra Birajee Dr. Mahalaxmi Shah K. | Dr. Mamta Dali Dr. Sneha Shrestha |
| **Orthodontics** | Dr. Rajesh Gyawali Dr. Prabhat R. Pokharel Dr. Samikshya Sangroula | Dr. Prabhat R. Pokharel Dr. Avinash Chaudhary | Dr. Rajesh Gyawali Dr. Avinash Chaudhary Dr. Samikshya Sangroula | Dr. Rajesh Gyawali Dr. Prabhat R. Pokharel Dr. Samikshya Sangroula | Dr. Prabhat R. Pokharel Dr. Avinash Chaudhary Dr. Samikshya Sangroula | Dr. Rajesh Gyawali Dr. Avinash Chaudhary |
| **Public Health Dentistry** | Field | Dr. Ashish Shrestha Dr. Tarakant Bhagat Dr. Santosh Kri. Agrawal Dr. Ujwal Gautam | Field | Dr. Ashish Shrestha Dr. Tarakant Bhagat Dr. Santosh Kri. Agrawal Dr. Ujwal Gautam | Dr. Ashish Shrestha Dr. Tarakant Bhagat Dr. Santosh Kri. Agrawal Dr. Ujwal Gautam | Field |
| **Periodontics & Oral Implantology** | Dr. Shivalal Sharma Dr. Pujan Acharya | Dr Sajeev Shrestha Dr. Khusbu Adhikari | Dr Shweta Agrawal Dr. Saavy Pokharel | Dr. Shivalal Sharma Dr. Pujan Acharya | Dr Sajeev Shrestha Dr. Khusbu Adhikari | Dr Shweta Agrawal Dr. Saavy Pokharel |
| **Conservative Dentistry & Endodontics** | Dr. Arbind Rai | Dr. Mannu Vikram | Rotation | Dr. Ashok Ayer | Dr. Vimmi Singh | Dr. Navin Agrawal |
| **Oral Pathology** | Dr. Neetu Jain | Dr. Toniya Raut | Dr. Shashi Keshwar | Dr. Toniya Raut | Dr. Shashi Keshwar | Dr. Neetu Jain |

***Source: College of Dental Surgery***

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju |
| | | Dr.Sangeeta Shah | | | | |
| Orthopedics | TEAM – C | | TEAM – B | | TEAM - A | |
| | Prof.Dr. Bikram Psd. Shrestha | | Prof.Dr. Raju Rijal | | Prof.Dr. Guru Prasad Khanal | |
| | Prof.Dr. Rajiv Maharjan | Rotation | Dr. Bishnu Pokharel | Rotation | Dr. Pramod Baral | Rotation |
| | Dr. Jitendra Shah | | Dr. Yam Bahadur Gurung | | Dr. Ashish Pandey | |
| | Dr. Amit Bikram Shah | | | | Dr. Dipendra Mishra | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | | Dr.Bhawani Khanal | | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | | Dr.Samir Chaudhary | | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof.Dr. Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah |
| | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra |
| Dermatology& Venereology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Prepared by: Information and Communication Center*** ***Source: Hospital Administration/Concerned Departments***

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr. Sanjeev Kumar Mishra | Dr. Suren Limbu | Prof.Dr. Dhana Ratna Shakya | Dr. Suraj Nepal | Prof.Dr. Dhana Ratna Shakya | Dr. Suraj Nepal |
| Orthopaedics | Prof.Dr. Guu Prasad Khanal | Prof.Dr. Raju Rijal | Prof.Dr. Bikram Psd. Shrestha | Prof.Dr. Guu Prasad Khanal | Prof.Dr. Raju Rijal | Prof.Dr. Rajiv Maharjan |
| | Dr. Pramod Baral | Dr. Bishnu Pokhrel | Prof.Dr. Rajiv Maharjan | Dr. Pramod Baral | Dr. Bishnu Pokharel | Dr. Jitendr Shah |
| | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendr Shah | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| | Dr. Dipendra Mishra | | Dr. Amit Bikram Shah | Dr. Dipendra Mishra | | |
| Internal Medicine | Dr. Bhupendra Shah | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Dr. Bhupendra Shah |
| | Sonali Nayak | Dr. Bhupendra Shah | Dr. Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Ranjit K. Das |
| | Dr. Rajit K. Das | Dr. Sonali Nayak | Dr. Ranjit K. Das | Dr. Ujjwal Risal | Dr. Ujjwal Risal | Dr. Avinash Rai |
| | Dr. Avinash Rai | Dr. Ujjwal Risal | Dr. Avinash Rai | Dr. Avinash Rai | | |
| Cardiology | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | |
| Gastroenterology | Prof.Dr. Bickram Pradhan | | Prof.Dr. Bickram Pradhan | | Prof.Dr. Bickram Pradhan | |
| | | | | | | |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr. Lokesh Shrekhar Jaiswal | Dr. Lokesh Shrekhar Jaiswal | Dr. Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dermatology& Venereology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | Doctors will be available as per the departmental instructions |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr. Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh hatta |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Samiksha Bhattarai | Dr. Samiksha Bhattarai | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | Dr. Samiksha Bhattarai |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof.Dr. Dhana Ratna Shakya | Dr. Suraj Nepal | Prof.Dr. Baikuntha Raj Adhikari | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Rajesh Kumar (Psychologist) | Dr.Sanjeev Kumar Mishra | Dr. Rajesh Kumar (Psychologist) |
| | Dr. Rajesh Kumar (Psychologist) | Dr. Rajesh Kumar (Psychologist) | Dr. Rajesh Kumar (Psychologist) | | Dr. Rajesh Kumar (Psychology) | |
| Orthopaedics | Prof.Dr. Guu Prasad Khanal | Prof.Dr. Raju Rijal | Prof.Dr. Bikram Psd. Shrestha | Prof.Dr. Guu Prasad Khanal | Prof.Dr. Raju Rijal | Prof.Dr. Bikram Psd. Shrestha |
| | Dr. Pramod Baral | Dr. Bishnu Pokharel | Prof.Dr. Rajiv Maharjan | Dr. Pramod Baral | Dr. Bishnu Pokharel | Prof.Dr. Rajiv Maharjan |
| | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendr Shah | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendr Shah |
| | Dr. Dipendra Mishra | | Dr. Amit Bikram Shah | Dr. Dipendra Mishra | | Dr. Amit Bikram Shah |
| Internal Medicine | Prof.Dr. Sanjib Kumar Sharma | Prof. Dr. Robin Maskey | Prof.Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Prof. Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhuendra Shah | Dr. Avinash Rai | Dr. Bhuendra Shah | Dr. Rajiv Sharma | Dr. Avinash Rai | Dr. Rajiv Sharma |
| | Dr. Sonali Nayak | Dr. Ranjit K. Das | Dr. Sonali Nayak | | Dr. Ranjit K. Das | |
| | Dr. Ujjwal Risal | | Dr. Ujjwal Risal | | | |
| Cardiology | | Dr. Navin Kumar Pandey | | Dr. Navin Kumar Pandey | | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr.Denish Piyush | | | Dr.Denish Piyush | |
| | | | | | | |
| Pulmonology, Critical Care and SleepMedicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr. Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah |
| | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar |
| | | Dr. Alok Dahal | | Dr. Alok Dahal | | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari |
| | `Dr.Shankar P. Shah | `Dr.Shankar P. Shah | `Dr.Shankar P. Shah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr. Suban Bhandari |
| | | | | | | |
| Dermatology& Venereology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | | | Dr. Prajwal Pandey | |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | As per Rotation |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics& Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Lokraj Shah | Dr. Subash Basnet | Dr. Arun Kumar Singh |
| | Dr. Mukesh Bhatta | Dr. Ramesh P. Das | Dr. Subash Basnet | Dr. Arun Kumar Singh | | Dr. Ramesh P. Das |
| | Dr. Subash Basnet | | Dr. Ramesh P. Das | Dr. Ramesh P. Das | | |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## Status of Operations done in Magh/Falgun - 2081

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| | Magh/Falgun | | Magh/Falgun | | Magh/Falgun | | Magh/Falgun |
| Routine | 377/353 | 310/315 | 32/38 | 59/53 | 137/ 195 | 51/45 | 966/999 |
| Obst. & Gynae | 355/350 | 57/30 | 9/3 | 0/0 | 85/66 | 12/11 | 518/460 |
| Emergency | 109/93 | 0/0 | 15/14 | 0/0 | 10/16 | 0/0 | 134/123 |
| Day Care | 0/0 | 0/0 | 11/11 | 18/12 | 128/131 | 85/80 | 242/234 |
| Derma * | 74/77 | 20/19 | 337/373 | 61/64 | 243/218 | 40/20 | 775/771 |
| **Total** | **915/873** | **387/364** | **404/439** | **138/129** | **603/626** | **188/156** | **2635/2587** |

General OT : 1922/1938 — *Number of safe abortion care service done: 66/47*

Paying OT: 713/649 — *Number of cases done in Cardiac Catheterization Laboratory:117/128*

** Asthetic procedures included in minor:39/41*

***Prepared by Informtion and Communication Center*** ***Source: Hospital Administration***

## सम्पादन समूह

प्रा.डा. अन्जु प्रधान, प्रवक्ता

डा. अभिजीत कुमार, सह-प्रवक्ता

निरज पोखेल, एड्मिनिष्ट्रेटिभ असिष्टेन्ट

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu